# गण्डकी प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७८

प्रदेश विकासमा स्वयंसेवाको भावनालाई प्रवर्द्धन गर्दै विभिन्न विषयमा दक्षता तथा अनुभवप्राप्त प्रदेशभित्रको जनशक्तिलाई निर्वाह खर्च दिई वा नदिई स्वतस्फूर्त रूपमा प्रदेशको विकाससँग सम्बन्धित विभिन्न कार्यमा सरिक गराउन वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यकारी समिति" भन्नाले दफा १० बमोजिम गठित समिति सम्झनु पर्छ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "शैक्षिक निकाय" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान तथा सीप प्रदान गर्ने विद्यालय, शिक्षालय, अध्ययन संस्थान, क्याम्पस तथा विश्व विद्यालय सम्झनु पर्छ।

(छ) "संघसंस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(झ) "स्वयंसेवक" भन्नाले यस कार्यविधि बमोजिम स्वतस्फूर्त रूपमा सुविधा लिई वा नलिई स्वयंसेवी क्रियाकलापमा संलग्न हुने व्यक्ति सम्झनु पर्छ।

(ञ) "स्वयं सेवा" भन्नाले यस कार्यविधि बमोजिम परिचालित स्वयं सेवकहरूले प्रदान गर्ने सेवा सम्झनु पर्छ।

(ट) "सार्वजनिक सेवा" भन्नाले नेपाल सरकारबाट सार्वजनिक सेवा भनी तोकिएका र सार्वजनिक रूपमा उपभोग गर्ने गरी व्यवस्था गरेका सेवाहरूलाई सम्झनु पर्छ।

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

## परिच्छेद–२
## स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

३. **स्वयंसेवक परिचालनका उद्देश्यहरूः** यस कार्यविधि बमोजिम स्वयंसेवक परिचालनका उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) प्रदेशको समग्र विकासको लागि समुदायस्तरमा स्वयंसेवी भावनाको विकास तथा प्रवर्द्धन गर्ने,

(ख) प्रदेश सरकार अन्तर्गत हुने सार्वजनिक सेवा प्रवाह कार्यमा सहजीकरण गर्ने,

(ग) प्रदेशमा रहेको दक्ष जनशक्तिलाई अल्पसमयको लागि रोजगारीको अवसर उपलब्ध गराउने,

(घ) न्यून लागतमा विषयगत जनशक्ति परिचालन गर्ने।

४. **स्वयंसेवक परिचालनका विषयगत क्षेत्रः** यस कार्यविधि अन्तर्गत देहायको विषयगत क्षेत्रको सेवामा स्वयंसेवक परिचालन गर्न सकिनेछः-

(क) प्राविधिक सेवाः

(१) स्वास्थ्य र सरसफाइ,

(२) कृषि तथा पशु सेवा,

(३) कम्प्युटर,

(४) इञ्जिनियरिङ्ग,

(५) वन, कृषि-वन र गैर काष्ठ तथा जडिबुटी,

(६) वातावरण,

(७) निर्देशक समितिले निर्णय गरेबमोजिमको अन्य सेवा।

(ख) अप्राविधिक सेवाः

(१) सामुदायिक शिक्षा,

(२) सामुदायिक परिचालन,

(३) सार्वजनिक सेवा,

(४) खेलकुद क्षेत्र,

(५) निर्देशक समितिले निर्णय गरेबमोजिमको अन्य सेवा।

५. **स्वयंसेवक परिचालन हुने निकायः** यस कार्यविधि बमोजिम स्वयंसेवकको परिचालन देहायका निकायको काममा सहयोग पुग्ने गरी हुनेछः-

(क) प्रदेश र स्थानीय तहका सरकारी सेवा प्रदायक निकाय,

(ख) शैक्षिक तथा सामुदायिक संघ–संस्था,

(ग) निर्देशक समितिले तोकेका अन्य निकाय।

६. **स्वयंसेवक परिचालनका आधारः** यस कार्यविधि बमोजिम स्वयंसेवक परिचालन गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

(क) प्रदेश सरकारको मौजुदा संगठनात्मक संरचनाबाट भइरहेको सेवा प्रवाह अपर्याप्त भएको वा सेवा पुग्न नसकेको क्षेत्रमा सार्वजनिक सेवा पुऱ्याउने कार्यमा सहजीकरण हुने,

प्रमुख सचिव

(ख) सरकारी निकाय वा समुदायद्वारा सामाजिक हितको लागि सञ्चालित सामुदायिक सेवा कार्यक्रममा प्राविधिक सहयोग पुग्ने,

(ग) निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को अनुसूची १६ बमोजिम गण्डकी प्रदेशका जिल्लाहरूको भौगोलिक क्षेत्रको विवरण बमोजिम प्राथमिकता दिइने,

(घ) प्रदेश विकास स्वयंसेवामा सहकार्य गर्न इच्छुक दफा ५ बमोजिमका निकायको मागको आधारमा स्वयंसेवक परिचालन हुने।

७. <u>स्वयंसेवक परिचालन हुने निकायको जिम्मेवारी:</u> यस कार्यविधि बमोजिम परिचालित हुने स्वयंसेवकको सम्बन्धमा सम्बन्धित निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयबाट खटिई आएका स्वयंसेवकलाई यस कार्यविधि बमोजिम जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयंसेवकहरूको सुपरिवेक्षण तथा कार्य सम्पादनको मूल्याङ्कन गर्ने साथै कार्यप्रगति सम्बन्धी विवरण सम्बन्धित निकायमा पठाउने,

(ग) स्वयंसेवकहरूलाई वृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीयस्तरमा उपलब्ध अवसरहरूमा सहभागी गराउने,

(घ) विषयगत क्षेत्रमा स्वयंसेवकहरूलाई सल्लाह एवम् परामर्श उपलब्ध गराउने,

(ङ) स्वयंसेवकहरूका पीरमर्का तथा गुनासाको यथोचित सम्बोधन गर्ने।

## परिच्छेद–३

## संस्थागत व्यवस्था

८. <u>निर्देशक समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय | - अध्यक्ष |
| (ख) | उपाध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग | - सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ङ) | सचिव, मन्त्रालय | - सदस्य-सचिव |

(२) समितिको बैठकमा अन्य मन्त्रालय तथा निकायका प्रतिनिधि तथा विशेषज्ञहरूलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले समितिको बैठक बोलाउनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) समितिको बैठक सञ्चालन र निर्णय सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

९. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वयं सेवा सम्बन्धी नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) स्वयंसेवकको दरबन्दी र स्वयंसेवकलाई दिइने सुविधाको आवधिक पुनरावलोकन गर्ने,

(ग) स्वयंसेवक परिचालनका लागि आवश्यक पर्ने श्रोत व्यवस्थाको लागि समन्वय गर्ने,

(घ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने।

१०. <u>कार्यकारी समितिको गठन:</u> (१) स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमको कार्यकारी समिति रहने छः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा, मन्त्रालय - सदस्य

(ग) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय - सदस्य

(घ) प्रतिनिधी, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय (श्रम तथा रोजगार हेर्ने) - सदस्य

(ङ) शाखा प्रमुख, युवा शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको कार्यकारी समितिको वैठकमा सम्बन्धित विषयगत मन्त्रालयका प्रतिनिधि तथा विषयगत विशेषज्ञहरूलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले समितिको बैठक बोलाउनेछ।

(४) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ।

(५) समितिको बैठक सञ्चालन र निर्णय सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वयंसेवक परिचालन हुने निकाय तथा कार्यालयबाट माग संकलन र सूचीकरण गर्ने, गराउने,

(ख) सम्बन्धित जिल्लामा दफा ४ बमोजिमको विषयगत क्षेत्रमा परिचालन हुने स्वयंसेवकहरुको पद तथा संख्या प्रस्ताव गर्ने,

(ग) स्वयंसेवक सूचीकरण, छनौट तथा भर्ना सम्बन्धी योजना तर्जुमा गर्ने,

(घ) स्वयंसेवकको म्याद थप सम्बन्धी सिफारिस गर्ने,

(ङ) स्वयंसेवकलाई दिइने पुरस्कार र सम्मानको विषयमा आवश्यक निर्णय गर्ने,

(च) स्वयंसेवक परिचालन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने।

१२. <u>स्वयंसेवक व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन:</u> स्वयंसेवक सेवाको सञ्चालन सम्बन्धमा मन्त्रालयले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) स्वयंसेवक परिचालन, क्षमता विकास र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य,

(ख) स्वयं सेवा प्रवर्द्धनको लागि सरोकारवालासँग सहकार्य, सञ्जालीकरण तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य,

(ग) स्वयं सेवाको प्रभावकारिता अध्ययन अनुसन्धान सम्बन्धी कार्य,

(घ) प्रदेशमा स्वयंसेवी क्रियाकलाप सञ्चालन गर्ने निकाय तथा संघसंस्थाहरू समन्वय सम्बन्धी कार्य,

(ङ) स्वयंसेवकहरूको छनौट, नियुक्ति र पदस्थापन सम्बन्धी अद्यावधिक अभिलेख सम्बन्धी कार्य,

(च) स्वयं सेवक सेवाको सञ्चालनसँग सम्बन्धित आवश्यक अन्य कार्य।

## परिच्छेद–४

## <u>स्वयंसेवकको संख्या निर्धारण, छनौट तथा नियुक्ति सम्बन्धी व्यवस्था</u>

१३. <u>स्वयंसेवकको संख्या निर्धारण:</u> यस कार्यविधि बमोजिम परिचालन हुने स्वयंसेवकको संख्या अनुसूची-१ बमोजिम निर्धारण हुनेछ।

१४. <u>स्वयंसेवकको योग्यता:</u> यस कार्यविधि बमोजिम परिचालन हुने स्वयंसेवकहरूको योग्यता देहाय बमोजिम हुनेछः-

(क) अठार वर्ष उमेर पूरा भई चालिस वर्ष ननाघेको नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शैक्षिक संस्थाबाट नेपाल सरकारले समान पदको लागि तोकेको आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ग) कुनै सार्वजनिक लाभको पदमा बहाल नरहेको, र

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको।

१५. <u>स्वयंसेवक छनौटका आधार:</u> (१) यस कार्यविधि बमोजिम परिचालन हुने स्वयंसेवकको छनौट शैक्षिक योग्यता, भौगोलिक क्षेत्र र अन्तर्वार्ता बापत दिइने अङ्कको आधारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको आधारलाई प्रदान गरिने अङ्कको विभाजन अनुसूची-२ बमोजिम हुनेछ।

(३) विषय तथा पदका आधारमा कायम पदसंख्या बमोजिम आवेदकको योग्यताक्रम अनुसार स्वयंसेवक छनौट गरिनेछ।

१६. <u>स्वयंसेवकको लागि माग संकलन तथा छनौट प्रकृया:</u> (१) मन्त्रालयले स्वयंसेवक आवश्यक पर्ने निकायबाट स्वयंसेवकको विषयक्षेत्र र पद समेत खुलाई अनुसूची-३ बमोजिमको ढाँचामा समय समयमा माग संकलन गर्न सक्नेछ।

तर यो कार्यविधि लागू भएपछि पहिलो पटकको हकमा मन्त्रालयले अनुसूची-४ को ढाँचामा कम्तीमा पन्ध्र दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी स्वयंसेवकको माग संकलन गर्नेछ र उक्त सूचना मन्त्रालयको वेबसाइटमा समेत राख्नेछ।

(२) उपदफा (१) को सूचना बमोजिम दफा १४ बमोजिमको योग्यता पुगेको इच्छुक व्यक्तिले देहायका कागजातहरूको प्रतिलिपि संलग्न गरी अनुसूची- ५ बमोजिमको ढाँचामा रितपूर्वक भरिएको आवेदन फाराम मन्त्रालयमा पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यताको प्रमाण-पत्र,

(ख) नेपाली नागरिकताको प्रमाण-पत्र,

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएका आवेदनको सूचीकरण देहाय बमोजिम गरिनेछः-

(क) प्राप्त आवेदन रुजु र छानबिन गरी स्वीकृत भएका आवेदन जिल्लागत, स्थानीय तहगत, विषयक्षेत्रगत र पदगतरुपमा वर्गीकरण गरी सूचीकरण गर्ने,

(ख) आवेदन संख्या र विज्ञापन गरिएको पदका आधारमा अन्तर्वार्ताको लागि अनुसूची-२ बमोजिमको शैक्षिक योग्यता र भौगोलिक क्षेत्रका आधारमा छनौट समितिले संक्षिप्त सूची तयार पार्न सक्नेछ।

(४) स्वयंसेवक छनौटका लागि देहाय बमोजिमको छनौट समिति रहने छः-

(क) सम्बन्धित महाशाखा प्रमुख - संयोजक

(ख) मन्त्रालयले तोकेको एक जना विषयविज्ञ - सदस्य

(ग) सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

(५) छनौट समितिले स्वयंसेवक उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नेछ।

(६) उपदफा (६) बमोजिम पेश भएको सूची स्वीकृत भएपछि सूचना पाटीमा टाँस गर्नुका साथै मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गरिनेछ।

१७. **स्वयंसेवकको नियुक्तिः** (१) दफा १६ को उपदफा (६) बमोजिम स्वीकृत भएको सूचीको आधारमा मन्त्रालयको सचिवले अनुसूची-६ बमोजिमको ढाँचामा स्वयंसेवकलाई नियुक्तिपत्र दिनेछ।

(२) जिल्ला र विषयगत रूपमा निर्धारित संख्याको आधारमा स्वयंसेवक खटिने निकाय वा संस्था कायम गरिनेछ।

१८. **स्वयंसेवक पदमुक्त हुने सम्बन्धी व्यवस्थाः** स्वयंसेवक देहायको अवस्थामा पदमुक्त हुनेछः

(क) स्वयंसेवकले पदमुक्त हुने इच्छा गरी मन्त्रालय समक्ष निवेदन दिएमा,

(ख) सम्झौता बमोजिमको अवधि समाप्त भएमा,

(ग) खटाएको कार्यालयमा नियमित रूपमा हाजिर नभएको वा आफ्नो जिम्मेवारी सम्पादन नगरेको भनी खटिएको निकायबाट निर्णय सहित सिफारिस भै आएमा,

(घ) पटक पटक खराब आचरण प्रदर्शन गरेको प्रमाणित भएमा,

(ङ) सन्तोषजनक रूपमा कार्यसम्पादन नगरेमा।

## परिच्छेद–५

## स्वयंसेवकको सेवा शर्त र सुविधाहरू

१९. **स्वयंसेवकको सेवा शर्तः** (१) स्वयंसेवकलाई कार्य प्रकृति र सेवाको आवश्यकताका आधारमा बढीमा छ महिनाको लागि नियुक्त गरिनेछ र कार्य सन्तोषजनक भएमा प्रत्येक छ महिनामा म्याद थप गर्न सकिनेछ।

तर यस्तो करारको अवधि दुई वर्षभन्दा बढी हुनेछैन।

(३) स्वयंसेवकको तोकिएको सेवा अवधि समाप्त भैसकेपछि निजप्रति प्रदेश सरकार एवं सम्बन्धित निकाय वा संघसंस्थाहरूको कुनै दायित्व रहने छैन।

२०. **स्वयंसेवकको कार्यशर्त तथा सेवा सुविधाः** (१) स्वयंसेवकलाई संघीय सरकारबाट सशर्त अनुदानको रूपमा विनियोजित रकमबाट अनुसूची-७ बमोजिमको मासिक जीवन निर्वाह खर्च तथा निर्देशक समितिले समय समयमा निर्धारण गरेको अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

(२) यस बमोजिम नियुक्त स्वयंसेवकहरूको मासिक जीवन निर्वाह खर्च लगायतको सुविधा मासिक हाजिरी रुजु गरी मन्त्रालयले सम्बन्धित स्वयंसेवकको व्यक्तिगत बैंङ्क खाता वा सम्बन्धित कार्यालय वा स्थानीय तहमा पठाउन सक्नेछ।

(३) स्वयंसेवकको कार्यशर्त कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **बिदा सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम परिचालित स्वयंसेवकको विदा सम्बन्धी व्यवस्था सम्बन्धित निकायको करार सेवामा कार्यरत कर्मचारी सरह हुनेछ।

(२) उपदफा (१) बमोजिमको विदाको स्वीकृति सम्बन्धित कार्यालय प्रमुखबाट हुनेछ।

२२. **स्वयंसेवकको अन्य व्यवस्थापन:** स्वयंसेवकको व्यवस्थापन सम्बन्धमा देहायका प्रक्रियाहरू अवलम्वन गरिनेछः-

(क) नियुक्ति पत्र दिनुपूर्व स्वयंसेवकलाई उनीहरुको कार्य जिम्मेवारीका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ,

(ख) सम्बन्धित निकायलाई स्वयंसेवक खटाइएको बारेमा जानकारी दिइनेछ,

(ग) जिल्लामा खटिएका स्वयंसेवकहरुमध्ये छनौट सूचीको माथिल्लो योग्यताक्रममा रहेको एक जना स्वयंसेवकलाई संयोजकको समेत भूमिका तोकिनेछ,

(घ) नियुक्तिको निर्णय मितिले पन्ध्र दिनभित्र नियुक्तिपत्र नबुझेमा सो नियुक्ति स्वतः रद्द हुनेछ र सो स्थानमा बैकल्पिक उम्मेदवार नियुक्त गरिनेछ,

(ङ) नियुक्त भई न्यूनतम छ महिना काम गरे पश्चात् अनुभवको प्रमाणपत्र दिइनेछ,

(च) स्वयंसेवकले नियुक्तिपत्र बुझेको मितिले बाटोको म्याद बाहेक बढीमा सात दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्नेछ,

(छ) स्वयंसेवक हाजिर भएको जानकारी सम्बन्धित कार्यालयले मन्त्रालयलाई गराउनु पर्नेछ।

२३. **स्वयंसेवकको आचरण:** (१) स्वयंसेवकले देहाय बमोजिमका आचरणहरू पालना गर्नुपर्नेछः-

(क) आफ्नो पदीय जिम्मेवारी प्रति जवाफदेही भई कार्य सम्पादनको सिलसिलामा इमानदार, शिष्ट, पारदर्शी र सदाचारयुक्त व्यवहार प्रदर्शन गर्नु पर्ने,

(ख) सार्वजनिक र अन्य निकायहरूको काम कारबाहीमा प्रतिकूल असर पर्ने व्यवहार प्रदर्शन गर्न नहुने,

(ग) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल पुऱ्याउने कुनै पनि काम कारबाहीमा सरिक हुन नहुने,

(घ) कुनै पनि राजनैतिक दलको गतिविधिमा प्रत्यक्ष रूपमा संलग्न हुन नहुने,

(ङ) मन्त्रालयद्वारा समय समयमा जारी गरिएका निर्देशन र निर्णयको पालना गर्नु पर्ने,

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीतिको प्रतिकूल हुने गरी व्यवहार गर्न नहुने।

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

प्रमुख सचिव

## परिच्छेद–६
## विविध

२४. **नि:शुल्क स्वयं सेवा:** मन्त्रालयले नि:शुल्क स्वयं सेवा गर्न चाहने कुनै नेपाली नागरिक वा संघसंस्थालाई आशय पत्र लिई कार्यशर्त तथा मापदण्ड निर्धारण गरी स्वयंसेवाको कार्यमा खटाउन सक्नेछ।

२५. **विशेष परिस्थितिमा स्वयंसेवकको परिचालन:** (१) कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवकको माग भई आएमा संक्षिप्त सूचीमा परेका आवेदकहरूमध्येबाट कार्यकारी समितिले बढीमा तीन महिनासम्मका लागि स्वयंसेवकहरू नियुक्ति गरी काममा लगाउन सक्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि विशेष परिस्थिति भन्नाले कुनै प्राकृतिक प्रकोप वा सरुवा रोग वा महामारी वा अन्य यस्तै गम्भीर प्रकृतिको अवस्थाको कारणले आम नागरिकको स्वास्थ्य वा सम्पत्तिमा व्यापक क्षति भएको वा हुने सम्भावना देखिएको परिस्थितिलाई जनाउनेछ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवक नियुक्ति गर्दा स्वीकृत वार्षिक बजेटभित्र रही निर्देशक समितिको स्वीकृतिमा कुल संख्यामा थप हुनेगरी समेत स्वयंसेवक नियुक्ति गर्न सकिनेछ।

२६. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:** स्वयंसेवकको कार्यको अनुगमन तथा प्रतिवेदन देहाय बमोजिम हुनेछ:-

(क) स्वयंसेवक कार्यरत निकायले स्वयंसेवकले गरेका कार्यको अनुगमन गरी चौमासिक रूपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ,

(ख) स्वयंसेवकले आफूले गरेको कामको मासिक प्रगति प्रतिवेदन संयोजक मार्फत् मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२७. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. **खारेजी र बचाउ:** (१) प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

अनुसूची १

(दफा ६ को खण्ड (ग) र दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**स्वयंसेवकको जिल्लागत संख्याको विवरण**

| क्र.स. | जिल्लाको नाम | स्वयंसेवक संख्या | कैफियत |
|---|---|---|---|
| १ | मनाङ | १२ | |
| २ | मुस्ताङ | १० | |
| ३ | म्याग्दी | ११ | |
| ४ | गोरखा | १२ | |
| ५ | लमजुङ | १२ | |
| ६ | बागलुङ | १३ | |
| ७ | पर्वत | १२ | |
| ८ | तनहुँ | १३ | |
| ९ | स्याङ्गजा | १३ | |
| १० | कास्की | १६ | |
| ११ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १२ | |
| जम्मा | | १३६ | |

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## अनुसूची - २

(दफा १५ को उपदफा (२) र दफा १६ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

**स्वयंसेवकहरूको मूल्याङ्कन तथा छनौटका आधारहरू**

| क्र.स. | विवरण | जम्मा अङ्क | अङ्क विभाजन |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता बापत | १५ | प्रथम श्रेणी-१५, द्वितीय श्रेणी -१४, तृतीय श्रेणी -१३ |
| २ | भौगोलिक क्षेत्र | १५ | सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भए १५, जिल्लाभित्रको स्थायी बासिन्दा भए १२, प्रदेशभित्रको स्थायी बासिन्दा भए ९ र अन्य प्रदेशको स्थायी बासिन्दा भए ६ |
| ३ | अन्तरवार्ता | २० | अधिकतम ७०% भन्दा बढी र ३५% भन्दा कम अङ्क दिंदा कारण खोल्नु पर्नेछ । |
| जम्मा | | ५० | |

प्रमुख सचिव

अनुसूची -३

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

## स्वयंसेवक माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | |
|---|---|---|---|---|---|---|---|---|
| क सं | माग गरेको पदको नाम | सेवा क्षेत्र | आवश्यक न्युनतम शैक्षिक योग्यता | स्वयंसेवकले सुरुमा काम गर्नुपर्ने जिल्ला | नयाँ पद सृजना भई वा रिक्त भई माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
| | | | | | नयाँ पद सृजना | रिक्त | | |
| | | | | | | | | |

द्रष्टव्यः

(१) महल ६ अन्तर्गतको दोस्रो कोलममा नयाँ पद सृजना भएको भए कुन मितिदेखि भएको हो र रिक्त भएको भए कसरी रिक्त भएको हो कैफियत महलमा अनिवार्य रूपमा खुलाउनु पर्नेछ।

(२) अन्य आवश्यक कुराहरु भए उल्लेख गर्ने।

कार्यालय प्रमुखको
दस्तखतः

नाम थरः
पदः
मितिः

कार्यालयको छापः

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

अनुसूची -४

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश विकास स्वयंसेवकको लागि निवेदन माग गरिएको सूचना**

प्रदेश विकास स्वयंसेवक सेवाका निम्न पदहरूमा स्वयंसेवकहरूको भर्ना गर्नु पर्ने भएकोले यस मन्त्रालयमा स्वयंसेवक परिचालन निर्देशिका, २०७८ को अनुसूची ४ बमोजिमको ढाँचाको आवेदन तपसिल बमोजिम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) प्राविधिक सेवा:

| क स | सूचना नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| (१)<br>(२)<br>(३) | | | | |

(ख) अप्राविधिक

| सि.नं. | सूचना नं. | पद | पदसंख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

परीक्षाको किसिमः अन्तर्वार्ता

परीक्षा केन्द्रः

दरखास्त दिने अन्तिम मितिः

अन्तर्वार्ता मितिः

संलग्न गर्नुपर्ने कागजातहरूः

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

हालसालै खिचेको पासपोर्ट साइजको फोटो

अनुसूची - ५

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

## प्रदेश विकास स्वयंसेवक

# दरखास्त फाराम

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरणः

(१) सूचना नं...................... (२) प्रदेश विकास स्वयंसेवकमा आवेदन दिने पद...................... (३) सेवा क्षेत्रः......................

(ख) उम्मेदवारको वैयक्तिक विवरणः

(१) नाम, थर (देवनागरीमा)..................................................

(अंग्रेजी ठूलो अक्षरमा).........................................................................................

(२) नागरिकता नं.................. जारी गर्ने जिल्ला.................... मिति..............................

(३) जन्म मिति.................................................. हालको उमेर...........वर्ष................महिना

(४) लिङ्ग..............................

(५) पत्राचार गर्ने ठेगाना..................................................

(६) ईमेल ठेगाना..............................................फोन नं.......................................

(७) बाबुको नाम, थरः......................................................................

(८) आमाको नाम, थर.................................................................

(९) बाजेको नाम, थर.................................................................

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/वोर्ड/तालिम दिनेसंस्था | शैक्षिक उपाधि/ तालिम | संकाय | श्रेणी/प्रतिशत/ जि.पि.ए | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ | उम्मेदवारको दस्तखतः |
|---|---|---|
| | | मितिः |

रुजु गर्नेको दस्तखतः
मितिः

स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत
मितिः

अनुसूची- ६

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**नियुक्ति पत्र**

**युवा तथा खेलकुद मन्त्रालय**

**प्रदेश विकाश स्वयंसेवक परिचालन कार्यकारी समिति**

**गण्डकी प्रदेश, पोखरा**

पत्र संख्या:

चलानी नः मितिः २०...../..../........

विषयः नियुक्ति सम्बन्धमा ।

महाशय,

प्रदेश विकास स्वंयसेवक छनौट समिति गण्डकी प्रदेशको च नं........मिति २०...../..../........को सिफारिस अनुसार तपाईंलाई प्रदेश विकास स्वयंसेवकको ......................पदमा मिति २०....../..../...... सम्मका लागि नियुक्त गरिएको छ। आफ्नो सेवा कालमा सदैव आफ्नो सेवा, पदीय दायित्त्व र सार्वजनिक सेवाप्रति बफादार रही प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ।

श्री ................................................

ठेगानाः ...............................................

------------------------------------

( )

सचिव

अनुसूची - ७

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

**स्वयंसेवकको जीवन निर्वाह खर्च**

| क्र.स. | सम्बन्धित पदको लागि तोकिएको न्यूनतम योग्यता | स्वयंसेवक वर्गीकरण | निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को अनुसूची १६ बमोजिम भौगोलिक क्षेत्रको विवरण अनुसारको जीवन निर्वाह खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
| १ | स्नातकोत्तर उत्तीर्ण | प्राविधिक | रु.२३००० | रु.२२४०० | रु.२१८०० | रु.२१२०० |
| २ | स्नातकोत्तर उत्तीर्ण | अप्राविधिक | | | | |
| ३ | स्नातक तह उत्तीर्ण | प्राविधिक | रु.२२४०० | रु.२१८०० | रु.२१२०० | रु.२०६०० |
| ४ | स्नातक तह उत्तीर्ण | अप्राविधिक | रु.२१२०० | रु.२०६०० | रु.२०००० | रु.१९४०० |
| ५ | प्रवीणतापत्र तह उत्तीर्ण | प्राविधिक | रु.१८८०० | रु.१८२०० | रु.१७६०० | रु.१७००० |
| ६ | प्रवीणतापत्र तह उत्तीर्ण | अप्राविधिक | रु.१८२०० | रु.१७६०० | रु.१७००० | रु.१६४०० |
| ७ | प्रवेशिका परीक्षा उत्तीर्ण | प्राविधिक | रु.१७६०० | रु.१७००० | रु.१६४०० | रु.१५८०० |
| ८ | प्रवेशिका परीक्षा उत्तीर्ण | अप्राविधिक | रु.१७००० | रु.१६४०० | रु.१५८०० | रु.१५२०० |